## संवत् २०७९ साल चैत्र २८ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | कृषि तथा पशु पशुपन्छी | आर्थिक बर्ष २०७७/०७८ देखि क्रमाङ्गत रुपमा संघीय सरकारको प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित कृषि विकास कार्यक्रम अन्तरगत चालु आर्थिक वर्ष २०७९/०८० मा संचालित यस गाउँपालिकाको पशुपन्छी र कृषि विकास शाखाबाट कार्यान्वयन गरिएका क्रियाकलापहरु स्वीकृत गरी सो कार्यक्रम अन्तरगत कार्यालयबाट दिइएको भुक्तानी लाई स्वीकृत र समर्थन गर्ने । |
| २. | पूर्वाधार शाखा | प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोग सँग आगामी आर्थिक वर्षका लागि विशेष अनुदान अन्तरगत आयोजना तथा कार्यक्रमहरु माग गर्ने । |
| ३. | | यस गाउँपालिका अन्तरगत निर्माण हुने औद्योगिक ग्राम, स्याउजे मन्दिर, वडा नं. १ र ३ को वडा कार्यालय भवन,खण्डेश्वरी मा.वि.को भवन र रंघाडी झोलुङ्गे पुल लगायतको परामर्शदाताबाट पेश भएका विस्तृत परियोजना प्रतिवेदन(DPR) स्वीकृत गर्ने र सो को भुक्तानी दिन कार्यालयलाई स्वीकृति र निर्देशन दिने । |
| ४. | | चालु आ.व.२०७९/०८० को वजेट तथा कार्यक्रममा समेटिएका गाउँपालिका स्तरीय तथा वडा स्तरीय र प्रधानमन्त्री रोजगार तथा अध्यक्ष रोजगार कार्यक्रम अन्तरगतका योजना तथा कार्यक्रमहरु कार्यान्वयन सम्पन्न भई गाउँपालिकाको कार्यालयबाट भुक्तानी भईसकेको हुँदा कार्यालयबाट भएको भुक्तानी स्वीकृति र समर्थन गर्ने । |
| ५. | | आगामी आर्थिक वर्ष २०८०/०८१ मा यस गाउँपालिका क्षेत्रभित्र आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर आम्दानी र रोजगारी बढ्ने दीगो विकासमा सघाउ पुऱ्याउने किसिमका योजना तथा कार्यक्रमहरु संघीय र प्रदेश सरकारका विषयगत मन्त्रालय तथा सम्बन्धित निकायहरुबाट माग गर्ने । |
| ६. | | यस गाउँपालिकाको वडा नं.६ को चौकीबगड-सितोला हुँदै नौगाड जोड्ने सडकको चौकीबगड स्थित निर्माण गरिएको रिटेनिङवाल (ठेक्का नं.01 /079 /080 /ACNRCW /NCB /AHRM) निर्माण कार्य अपिहिमाल निर्माण सेवा एण्ड बुढाथोकी सप्लायर्सले सम्पन्न गरेको हुँदा सो को भुक्तानी दिन कार्यालयलाई स्वीकृती तथा निर्देशन दिने । |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | |
|---|---|---|
| ७. | सूचना प्रविधि शाखा | यस गाउँपालिकाका आधारभूत स्वास्थ्य सेवा केन्द्र, वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयमा विद्युत्त आपूर्ती गर्न नविकरणिय उर्जा जडान शीर्षकमा भएको बजेट रकमबाट आवश्यक व्यवस्थापन गर्न कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने। |
| ८. | प्रशासन शाखा | स्थानीय सरकार संचाल ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम तर्जुमा भएका कर्मचारी आचार संहिता, २०७९, गाउँपालिका कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार नियन्त्रण आचार संहित, २०७९, अपिहिमाल गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि)नियमावली, २०७९ र अपिहिमाल गाउँपालिका शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७९ स्वीकृत गर्ने। |

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल